# तिनाउ गाउँपालिका

# आर्थिक ऐन, २०७४

## अन्य शुल्कहरु

गाउँसभाबाट स्वीकृत मिति : –२०७४ भाद्र १२ गते

तिनाउ गाउँपालिका

## स्थानीय तहको आर्थिक ऐनको नमुना

तिनाउ गाँउ पालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधयक

**प्रस्तावना :-**तिनाउ गाँउपालिकाको आर्थिक बर्ष २०७४।०७५ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने ,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यावस्था गर्न वाञ्छनिय भएकाले, नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिम तिनाउ गाँउ सभाले यो ऐन बनाएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन,२०७४"रहेको छ ।

(२) यो ऐन २०७४ श्रावण १ गते देखि तिनाउ गाँउपालिका क्षेत्रमा लागु हुनेछ ।

**२ सम्पति कर :** गाँउपालिका क्षेत्र भित्र अनुसुचि (१) बमोजिम एकिकृत सम्पति कर /घरजग्गा कर लगाईने र असुल उपर गरिने छ ।

**३ भूमि कर(मालपोत) :** गाँउपालिका क्षेत्र भित्र अनुसुचि (२) बमोजिम भूमि कर(मालपोत) लगाईने र असुल उपर गरिने छ ।

**४ घर वाहाल कर :** गाँउपालिका क्षेत्र भित्र कुनै ब्याक्ति वा संघ संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरि पुरै वा आशिक तवरले वाहालमा दिएकोमा अनुसुचि (३) बमोजिम घर जग्गा वाहाल कर लगाईने र असुल उपर गरिने छ ।

**५ व्यवसाय कर :** गाँउपालिका क्षेत्र भित्र व्यापार, व्यावसाय वा सेवामा पूजिँगत लगानि र आर्थिक कारोवारका आधारमा अनुसुचि (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ ।

**६ जडिबुटी, कवाडि र जीवजन्तु कर :** गाँउपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबटी, वनकस कवाडी माल र प्रचलित कानुनले निषेध गरियको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला,जस्ता बस्तुको व्यावसायिक कारोवार गरे वापत अनुसुचि (५) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ ।

**७ सवारी साधन कर :** गाँउपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसुचि (६) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा सोहि बमोजिम हुनेछ ।

**८ विज्ञापन कर :** गाँउपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसुचि (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा सोहि बमोजिम हुनेछ ।

**९ मनोरन्जन कर :** गाँउपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यावसाय सेवामा अनुसुचि (८) बमोजिम व्यावसाय कर लगाईने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा सोहि बमोजिम हुनेछ ।

**१० बहाल बिटौरी शुल्क :** गाँउपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेमा अनुसुचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसुचिमा भएको व्यावस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिने छ ।

**११ पार्किङ शुल्क :** गाँउपालिका क्षेत्र भित्र कुनै सवारि साधनलाइ पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसुचि (१०) बमोजिम लगाईने र असुल उपर गरिने छ ।

**१२ ट्रेकिङ्ग,कोयोकिड,क्यानोइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क :** : गाँउपालिकाले आफ्नो क्षेत्र भित्र किङ्ग,कोयोकिड,क्यानोइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यावसाय संचालन गरेवापत अनुसुचि (११) बमोजिम शुल्क लगाईने र असुल उपर गरिने छ ।

**१३ सेवा शुल्क दस्तुर :** गाँउपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसुचि (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईने सेवामा सेवाग्राहिबाट सोहि अनुसुचिमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ ।

**१४ पर्यटन शुल्क :** गाँउपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसुचि १३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा सोहि बमोजिम हुनेछ ।

**१५ कर छुट :** यस ऐन बमाजिम कर तिर्ने दायित्व भएका व्याक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१६ कर तथा शुल्क संकल्न सम्बन्धि कार्यबिधि :** यो ऐनमा भएको व्यावस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गाँउपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची-१
## एकीकृत सम्पत्ति करको दररेट

तिनाउ गाउँपालिकाको एकीकृत सम्पत्ति करको दररेट देहाय बमोजिम लागु गर्नका लागि गाउँकार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो । एकीकृत सम्पत्ति कर लगाउने प्रयोजनका लागि जग्गा र घरको मूल्यांकन प्रचलित कानूनका अधिनमा रही एकीकृत सम्पत्ति कर नियमावली तयार गर्न गाउँकार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो । एकीकृत सम्पत्ति कर गाउँकार्यपालिकाले नियमावली तयार गरी लागू नभएसम्मका लागि अनुसूची २ बमोजिमको मालपोत दस्तुर लिनका लागि गाउँकार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

| सि.नं. | एकिकृत सम्पत्ति करको दररेट | आ.ब ०७४/०७५ |
|---|---|---|
| १ | १।०० देखि ५००,०००।०० सम्म | ५० |
| २ | ५०००0१।०० देखि १००००००।०० सम्म | ७५ |
| ३ | १००००0१।०० देखि १५०००००।०० सम्म | १०० |
| ४ | १५००००१।०० देखि २००००००।०० सम्म | १२५ |
| ५ | २१००००0१।०० देखि २५०००००।०० सम्म | १५० |
| ६ | २५००००१।०० देखि ३००००००।०० सम्म | १७५ |
| ७ | ३००००0१।०० देखि ४००००००।०० सम्म | २०० |
| ८ | ४००००0१।०० देखि ५००००००।०० सम्म | २५० |
| ९ | ५००००0१।०० देखि ६००००००।०० सम्म | ३०० |
| १० | ६००००0१।०० देखि ८००००००।०० सम्म | ३५० |
| ११ | ८००००0१।०० देखि १०००००००।०० सम्म | ४०० |
| १२ | १००००००१।०० देखि १२५०००००।०० सम्म | ५०० |
| १३ | १२५०००0१।०० देखि १५००००००।०० सम्म | ६०० |
| १४ | १५००००0१।०० देखि २०००००००।०० सम्म | ७०० |
| १५ | २०००००0१।०० देखि २५००००००।०० सम्म | ८०० |
| १६ | २५००००0१।०० देखि ३०००००००।०० सम्म | ९०० |
| १७ | ३०००००0१।०० देखि ४०००००००।०० सम्म | १००० |
| १८ | ४०००००0१।०० देखि ५०००००००।०० सम्म | १५०० |
| १९ | ५०००००0१।०० देखि माथि प्रति करोडमा | १०००थप |

## अनुसूची -२

तिनाउ गाउँपालिका क्षेत्रभित्र घरकर बाफत साविकका वाड हरुले लिदै आएको दर लाई यथावत गर्ने ।

### मालपोत दस्तुर

| क्र.स | मालपोत वा भुमि कर | दर |
|---|---|---|
| १ | अब्बल प्रति रोपनी | १० |
| २ | दोयम प्रति रोपनी | ८ |
| ३ | सिम प्रति रोपनी | ६ |
| ४ | चहार प्रति रोपनी | ४ |

- रोपनीको गणना गर्दा नजिकको शुन्यन्तरमा गरिने छ । घरकरबाट रु ५५ हजार,मालपोत बाट १ लाख ५० हजार जग्गा रजिस्टेशन बाफत जिल्ला मालपोत कार्यालय मार्फत गाउँपालिकालाई प्राप्त हुने रजिस्टेशन दस्तुर अनुमानित १ लाख प्राप्त हुने गरि जम्मा ३ लाख ५ हजार प्राप्त हुने अनुमान गरेको छु ।

## अनुसुची ४

### व्यवसाय करको दर

| क्र.सं | विवरण | करको दर |
|---|---|---|
| १ | होटल, लज एवं साधारण होटल (लगनिको अधारमा) | ५०,१००,३००,५०० |
| २ | रिसोट | ५००० |
| ३ | सम्पूर्ण खूद्रा पसल | ३०० |
| ४ | थोक पसल | १५०० |
| ५ | ग्रिल उद्योग | २००० |
| ६ | वित्तीय संस्था/सहकारी संस्था | ५०० |
| ७ | फर्नीचर उद्योग | २००० |
| ८ | कुटनी पिसनि मिल(डिजल/बिद्युत) | १००,३०० |
| ९ | निर्माण व्यवसायी क, ख, **ग, घ** | १००० |

| क्र.सं | विवरण | करको दर |
|---|---|---|
| १० | आयल पम्प | ५००० |
| ११ | कटिङ्ग ढूंगा | ३०० |
| १२ | कुखुरा फर्म उद्योग<br>क(१००-५००)चल्लासम्म<br>ख(५०१-१०००) चल्लासम्म<br>ग(१००१ भन्दा बढी) | ३००,५००,१००० |
| १३ | हेचरि | १५००० |
| १४ | चिउरा उद्योग | २५००० |
| १५ | रक्सि उद्योग | १५००० |
| १६ | हाइट्रो पावर | ५००० |
| १७ | टपरि उद्योग | ५०० |

यस व्यावसाय कर बाट ५ लाख प्राप्त हुने अनूमान गरेको छु र व्यवसाय कर सकलन कार्यविधि तयार गर्न गाउंकार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

## अनुसूची-५
## जडीबुटी, कवाडी र जीवजन्तु कर

| क्र.स | विवरण | करको दर |
|---|---|---|
| १ | दालचिनि प्रति के.जी. | ५० पौसा |

यस कर बाट ४५ हजार प्राप्त हुने अनुमान गरेको छु र कानूनको अधिनमा रही यस कर लगाउनका लागि गाउँकार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

## अनुसूची-६
## वार्षिक सवारी साधन कर

| सि.न | विवरण | कर,दस्तुर,शुल्क आ.व.०७४।०७५ |
|---|---|---|
| १. | बस, ट्रक, लहरी | रु ५० प्रति टिप |
| २. | मिनीबस, ट्रक (छ पांग्रे) | रु ५० प्रति टिप |
| ३. | मिनीबस, ट्रक (चार पांग्रे) | रु ५० प्रति टिप |
| ४. | भाडाको कारजीप | रु ५० प्रति टिप |
| ५. | निजी कार, भ्यान, जिप, पिकअप | रु ५० प्रति टिप |
| ६. | ट्याक्टर ठुलो ४० हर्षपावर भन्दा माथि | रु ५० प्रति टिप |

| | | |
|---|---|---|
| ७. | ट्याक्टर सानो ४० हर्षपावर भन्दा सानो | रु ५० प्रति टिप |
| ८. | टिप्पर | रु ५० प्रति टिप |

यस कर बाट बाट प्राप्त हुने रकम  ३० लाख अनुमान गरेको छु।

**अनूसूची-७**

**विज्ञापन कर**

| **क स** | **विवरण** | | **कर,दस्तुर,शुल्क आ.व.०७४।०७५** |
|---|---|---|---|
| १ | **विज्ञापन दर** | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा प्रति वर्गफूट(२५भन्दा ठुलोमा) | ४५ |
| | | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफूट सम्म | ५० |

यस करबाट रु १० हजार प्राप्त हुने अनुमान गरेको छु।

**अनुसूची ८**

**मनोरञ्जन कर**

| **क स** | **विवरण** | | **कर,दस्तुर,शुल्क आ.व.०७४।०७५** |
|---|---|---|---|
| १ | **विज्ञापन दर** | फिल्म सुटिङ्ग | १००० |
| | | फिसिङ्ग प्रति बल्छि र प्रति जाल | २००/३०० |

यस करबाट रु३० हजार प्राप्त हुने अनुमान गरेको छु।

# तिनाउ गाउँपालिका
## अनुसूची—१२
## सेवा शुल्क, दस्तुर

| सि.न | कर सूचि | विवरण | सेवा शुल्क, दस्तुर आ.व.०७४।०७५ |
|---|---|---|---|
| १ | नाता प्रमाणित | अंग्रेजी | २०० |
| | | नेपाली | १०० |
| २ | राहदानी सिफारिस | | |
| ३ | जग्गा नामसारि | सिफरिस | १०० |
| ४ | पति पत्नीको सम्बन्ध बिच्छेदको सिफारिस | | १०० |
| ५ | पेन्सनकार्ड वा सो सम्बन्धी अन्य सिफारिस | | १०० |
| ६ | हकवाला संरक्षण सम्बन्धी सिफारिस | | १०० |
| ७ | भरतीय पेन्सन पारिवारिक विवरण र अन्य सिफारिस | | ३०० |
| ८ | भारतीय पेन्सन सिफारिसका लागि | | ३०० |
| ९ | नेपालको पेन्सन पारिवारिक विवरण | | १०० |
| १० | वृटिश पेन्शन पारिवारिक विवरण सिफारिस | | ३०० |
| ११ | संघ संस्था | दर्ता सम्बन्धी सिफारिस | १०० |
| | | नविकरण सम्बन्धी सिफारिस | १०० |
| १२ | निजी विद्यालय दर्ता र स्तर बृद्धि (स्तर अनूसार) | बाल विकास केन्द | १०० |
| | | आधारभूत १ देखि ५ | ५०० |
| | | मा.वि. | १००० |
| | | स्नातक वा सा भन्दा बढी | २००० |
| | | प्राविधिक शिक्षा सिफारिस | १५०० |
| १३ | काठ दाउरा सिफारिस | कू काठ प्रति काठ | २०० |
| | | साल प्रति क्यू फुट | २५ |
| १४ | वंशजको नागरिकता सम्बन्धी सिफारिस | | १०० |
| १५ | नवालक परिचय पत्र ( सिफारिस) | | १०० |
| १६ | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | | ५०० |

| सि.न | कर सूचि | विवरण | सेवा शुल्क, दस्तुर आ.व.०७४।०७५ |
|---|---|---|---|
| १७ | नाम छूटको सिफारिस | | १०० |
| १८ | व्यक्तिगत घटना ३५ दिनपछि | | ५० |
| १९ | सर्जिमिन मुचूल्का | साधारण | २०० |
| | | स्थलगत | ५०० |
| २० | चौकिल्ला प्रमाणित | सिदार्थ राजमार्गले छोएको | ५०० |
| | | ग्रामिण सडकले छोएको | ३०० |
| | | अन्य स्थान | १०० |
| २१ | सनाखतको सिफारिस | | १०० |
| २२ | जन्म मृत्यू सम्बन्धी सिफारिस | अंग्रेजी | १०० |
| | | नेपाली | १०० |
| | | प्रमाणित शुल्क | १०० |
| २३ | स्थायी बसोबास सम्बन्धी सिफारिस | | १०० |
| २४ | नाम, थर, जन्म मिति संशोधन सिफारिस | | ५०० |
| २५ | अविवाहित प्रमाणित | नेपाली | १०० |
| | | अग्रेजी | १०० |
| २६ | | वसाइसरइ | १०० |
| २७ | | चारित्रिक सिफारिस वैदेशिक प्रयोजनका लागि | ५०० |
| २८ | | चारित्रिक सिफारिस स्वदेशी प्रयोजनका लागि | १०० |
| २९ | | चारित्रिक सिफारिस विद्यार्थी | १०० |
| ३० | | जनजाती र दलित प्रमाणित | १०० |
| ३१ | विद्यूत जडान सम्बन्धी सिफारिस स्तर अनूसार | १) सामान्य<br>कच्ची घर<br>पक्की घर | १००,२०० |
| | | २) व्यवसायिक | ५०० |
| | | ३) थ्रिफेज | १००० |
| ३२ | टेलिफोन जडान सम्बन्धी सिफारिस | | २०० |
| ३३ | निजी धारा जडान सम्बन्धी सिफारिस | | १०० |

| सि.न | कर सूचि | विवरण | सेवा शुल्क, दस्तुर आ.व.०७४।०७५ |
|---|---|---|---|
| ३४ | विद्यूत, टेलिफोन, खानेपानी सम्बन्धी नामसारी सिफारिस आार.सी.सी.पक्की घर अन्य घर | पक्की घर<br>कच्ची घर | २०० |
| ३५ | उद्योग स्थापना सिफारिस | ठूलो उद्योग | दर्ता शुल्क तिर्नुपर्ने |
| | | मझौला उद्योग | |
| | | साना उद्योग | |
| ३६ | छात्रवृत्ति सम्बन्धी सिफारिस | स्वदेशि प्रयोजन | १०० |
| | | विदेशि प्रयोजन | ५०० |
| ३७ | मिलापत्र दस्तुर प्रति पक्ष | | ५०० |

**नोटः दीन दू:खीहरुको हकमा कार्यकारी अधिकृत, वडाअध्यक्षको तोक आदेश अनूसार निशूल्क सेवा प्रदान गर्न सकिन्छ ।**

३ **हैसियत प्रमाणित**

| सि.न | कर सूचि | विवरण | कर,दस्तुर,शुल्क आ.व.०७४।०७५ |
|---|---|---|---|
| १ | ऋण र वैदेशिक रोजगारका लागि मूल्याङ्कन र बाषिक आम्दानी (ऋण लिन र वैदेशिक रोजगार) | रु.१० लाख सम्म | ५०० |
| | | रु.२० लाख सम्म | १००० |
| | | रु.३० लाख सम्म | १५०० |
| | | रु.४० लाख सम्म | २००० |
| | | रु.५० लाख सम्म | २५०० |
| | | रु.५० लाखभन्दा बढीमा प्रति १०लाख | १००० |

## प्राकृतिक साधन उपयोग कर

| सि.न | विवरण | | कर,दस्तुर,शुल्क आ.व.०७४।०७५ |
|---|---|---|---|
| १. | गिटी ढूंगा, माटो, वालुवा आन्तरिक निकासी | प्रति ट्रिपर | १२०० |
| २. | गिटी ढूंगा, माटो, वालुवा आन्तरिक निकासी | प्रति ट्रयाक्टर | ५०० |

यस बाट रु १० लाख १५ हजार प्राप्त हूने अनुमान गरेको छु ।

**घर नक्शापास दस्तुर**

**अ) घरनक्सा पास सम्बन्धी दस्तुर**

१ कच्चि घर - रू१ प्रति बर्ग फिट

२ पक्कि घर - रू२ प्रति बर्ग फिट

अ) पुराना घरहरूको हकमा नक्सा नियमितका लागी प्रति घर

| तला | कच्चि घर | पक्कि घर |
|---|---|---|
| १ | २०० | ५०० |
| २ | ३०० | १००० |
| ३ | ४०० | १५०० |

माथि उल्लेखि नक्सा निर्धारणा र घर नक्सा पास दस्तुरमा प्राविधिक कर्मचारीको सिफारिसमा गाउँकार्यपालिकाले आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी पुनरावलोकन गर्ने सक्नेछ। यस बाट रु १ लाख प्राप्त हुने अनुमान गरेको छु।

## अनुसूची -१३
## पर्यटन शुल्क

पर्यटकीय सम्भाव्यता भएका स्थानहरुको पहिचान भएका क्षेत्रहरुको पहिचान गरी आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी पर्यटन शुल्क तोक्न गाउँकार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

यस क्षेत्रमा संचालित चुनढुङ्गा उद्योग वाट वातावरण शुल्क बाट रु १ करोड प्राप्त हुने अनुमान गरेको छु ा

विशेष परिस्थितिमा उल्लेखित कर□शुल्क□दस्तुर आदिका दरबन्दीहरूमा कार्यान्वयनको समयमा समस्या पर्न आएमा आगामी गाउंसभाबाट अनुमोदन गराउने गरी गाउंकार्यपालिकालाई कर□शुल्क□दस्तुर आदिका कर, सेवा शुल्कहरूमा आवश्यकता बमोजिम हेरफेर गर्न सकिने अधिकार हस्तान्तरण गराउन गाउंकार्यपालिका अनुरोध गर्ने निर्णय गरियो ।